# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असोज २ गते २०६० साल (अतिरिक्ताङ्क ३२

## भाग ३

श्री ५ को सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**श्री ५ को सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०६०**

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४१ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मति-अनुसार श्री ५ को सरकारको कार्य विभाजनको लागि देहायको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "श्री ५ को सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०६०" रहेको छ ।

२. श्री ५ को सरकार (कार्यविभाजन) नियमावली, २०५७ को अनुसूची–१ मा संशोधनः (१) श्री ५ को सरकार (कार्यविभाजन) नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को अनुसूची– १ का,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२

(१) क्रमसंख्या १, मा रहेका "मन्त्रिपरिषद् सचिवालय" भन्ने शब्दहरूको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरू राखिएका छन् ।

(२) क्रमसंख्या २ झिकिएको छ ।

३. मूल नियमावलीको अनुसूची २ मा संशोधनः मूल नियमावलीको अनुसूची - २ को,

(१) प्रकरण १. को सट्टा देहायको प्रकरण १. राखिएको छः-

"१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१. राजदरबार सम्बन्धी,
२. मन्त्रिपरिषद् सम्बन्धी,
३. विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी,
४. श्री ५ को सरकारको कार्य विभाजन र मन्त्रालयहरूको गठन तथा विघटनसम्बन्धी,
५. श्री ५ को सरकारको कार्य सम्पादन नियमावलीसम्बन्धी,
६. विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति तथा जारीसम्बन्धी,
७. श्री ५ को सरकारको अल्पकालीन तथा दीर्घकालीन नीति एवं रणनीति तर्जुमा, स्वीकृति, कार्यान्वयन अनुगमन र मूल्याङ्कन सम्बन्धी,
८. देशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुरक्षा एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी लिन र श्री ५ समक्ष प्रधानमन्त्रीबाट जाहेर गर्नेसम्बन्धी,
९. अत्यावश्यक उपभोग्य वस्तुहरूको नियमित र सन्तुलित आपूर्तिको व्यवस्था गर्न लगाउनेसम्बन्धी,
१०. श्री ५ को सरकारको केन्द्रीय स्तरमा व्यवस्थापन सूचना प्रणालीको विकास र प्रभावकारिता ल्याउनेसम्बन्धी,
११. प्रशासन सुधारसम्बन्धी,
१२. द्विपक्षीय र बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता एवं सहमति कार्यान्वयनमा प्रभावकारिता ल्याउनेसम्बन्धी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २०४

१३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्देशनको कार्यान्वयनसम्बन्धी,
१४. संवैधानिक परिषद्सम्बन्धी,
१५ अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी,
१६. राष्ट्रिय योजना आयोगसम्बन्धी,
१७. राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी,
१८ राष्ट्रिय सतर्कता केन्द्रसम्बन्धी,
१९. प्रधानमन्त्रीको वाह्य एवं आन्तरिक जनसम्पर्क तथा सञ्चारसम्बन्धी,
२०. प्रधानमन्त्री र मन्त्रिपरिषद्को अन्य कार्यहरूसम्बन्धी ।''

(२) प्रकरण २. झिकिएको छ ।

४. रुपान्तरण : श्री ५ को सरकार (कार्यसम्पादन) नियमावली, २०४७ लगायत अन्य प्रचलित नियमहरूमा रहेका ''मन्त्रिपरिषद् सचिवालय'' भन्ने वा ''प्रधानमन्त्रीको कार्यालय'' भन्ने शब्दहरूको सट्टा ''प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय'' भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
लवकुमार देवकोटा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।